# २०८० फागुन १४ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क्र.सं. | मन्त्रालय | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १ | अर्थ मन्त्रालय | मिति २०८० चैत १ देखि ९ सम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डि.सी.मा आयोजना हुने विश्व बैंक र नेपालबीचको साझेदारीको नयाँ खाका, नेपालमा आयोजना हुन लागेको IDA 21 Replenishment को दोस्रो बैठकको तयारी तथा माथिल्लो अरूण जलविद्युत आयोजनासम्बन्धी बैठकमा माननीय अर्थ मन्त्री र अर्थ मन्त्रालयका सचिवसहितको प्रतिनिधि मण्डललाई सहभागी हुन स्वीकृति दिने। |
| २ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल न्याय सेवा, कानून समूहका राजपत्राङ्कित प्रथम श्रेणीका ५ जना अधिकृतहरूको सरुवा एवं ३ जना अधिकृतहरूको राजपत्राङ्कित प्रथम श्रेणीमा बढुवा गर्ने। |
| ३ | गृह मन्त्रालय | प्राथमिक स्वास्थ्य केन्द्रलाई प्रादेशिक अस्पताल बनाउने भन्ने विषयको प्रदर्शनका क्रममा प्रहरीको गोली लागि मृत्यु भएका सर्लाही जिल्ला बरहथवा नगरपालिका वडा नं. ६ बस्ने मृतक जयशंकर साहको परिवारलाई आर्थिक सहायता स्वरूप १० लाख रुपियाँ उपलव्ध गराउने। |
| ४ | गृह मन्त्रालय | २०८० चैत ४ मा मित्रराष्ट्र रसियामा हुन गइरहेको राष्ट्रपतिको निर्वाचनमा पर्यवेक्षण गर्न तथा २०८० चैत २-३ सम्म आयोजना हुने Electoral Soverignty and International Standards Conference मा नेपाल सरकारलाई कुनै आर्थिक दायित्व नपर्ने गरी निर्वाचन आयोग नेपालका माननीय निर्वाचन आयुक्त श्री रामप्रसाद भण्डारीलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने। |
| ५ | गृह मन्त्रालय | सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणसम्बन्धी जाँचबुझ आयोगको म्याद २०८०।११।१६ बाट लागु हुने गरी फागुन मसान्तसम्म थप गर्ने। |
| ६ | गृह मन्त्रालय | डा. करूणा वन्तसमेतका पाँच जना महानुभावहरूलाई विभिन्न विदेशी मुलुक/संस्थाबाट पुरस्कार/पदक/प्रसंशापत्र प्राप्त गर्न स्वीकृति दिने। |
| ७ | परराष्ट्र मन्त्रालय | २०८० फागुन १६-१७ मा भारतीय विदेश सचिवसँग द्विपक्षीय भेटघाट एवं छलफल तथा भारतको पुनेमा आयोजना हुने Asia Economic Dialogue (AED २०२४) को Inaugural Session मा सहभागी हुन परराष्ट्र मन्त्रालयका सचिवको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ८ | परराष्ट्र मन्त्रालय | २०८० फागुन ९ देखि ११ गतेसम्म भारतको नयाँ दिल्लीमा आयोजना हुने Raisina Dialogue को नवौं संस्करणमा सहभागी हुन |

| | | |
|---|---|---|
| | | तथा भारतीय उच्च पदाधिकारीहरूसँग द्विपक्षीय बैठक एवं भेटघाटका लागि माननीय परराष्ट्र मन्त्रीको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति प्रदान गर्ने। |
| ९ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | संयुक्त अरब इमिरेट्सको दुबईमा २०८० फागुन १९ गते आयोजना हुने रोजगार मेलामा सहभागी हुन माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने। |
| १० | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल पर्यटन बोर्डको कार्यकारी समितिमा रहने रिक्त सदस्य मनोनयनका लागि नेपाल सरकारसमक्ष सिफारिस गर्न मनोनयन सिफारिस समिति गठन गर्ने। |
| ११ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | मिति २०८० फागुन २० देखि २९ गतेसम्म संयुक्त अधिराज्य बेलायतको लण्डनमा आयोजना हुने Political & public Life Award २०२४ कार्यक्रममा भरतपुर महानगरपालिकाका प्रमुख श्री रेनु दाहाललाई सहभागी हुन स्वीकृति दिने। |
| १२ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | आगामी मिति २०८० चैत ६ देखि ७ गतेसम्म संयुक्त राज्य अमेरिकाको वासिङ्टन डी.सी.मा आयोजना हुने 21st Annual Transforming Transportation Conference कार्यक्रममा ललितपुर महानगरपालिकाका प्रमुख श्री चिरीबाबु महर्जनलाई सहभागी हुन स्वीकृति दिने। |
| १३ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | नेपाल मेडिकल काउन्सिलको रजिष्ट्रार पदमा डा. सतिस कुमार देवलाई नियुक्त गर्ने। |
| १४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | प्रतिजैविक प्रतिरोध/एन्टीमाइक्रोबियल रेजिस्टेन्स (AMR) राष्ट्रिय कार्ययोजना स्वीकृत गर्ने। |
| १५ | बालकुमारी घटना जाँचबुझ आयोग, २०८० ले पेस गरेको प्रतिवेदन कार्यान्वयनका लागि मिति २०८०/११/२० भित्र सुझाव पेस गर्न माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री र माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई जिम्मेवारी दिने। | |
| १६ | २०८० कार्तिक १७ गते जाजरकोटलाई केन्द्रविन्दु बनाई गएको भूकम्पबाट क्षतिग्रस्त स्थानीय तहहरुलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने । | |
| १७ | सार्वजनिक खरिद (तेह्रौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने । | |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं